# बाल संरक्षण : हामी सबैको दायित्व

## एसओएस बालग्रामको बाल संरक्षण नीति – बालमैत्री भाषामा दिइएको सारांश



प्यारा मित्रहरु,

हाम्रो संस्थाको लागि बाल संरक्षण नीति ज्यादै महत्वपूर्ण छ । यसले बालबालिकाको अधिकार सुरक्षित गर्न हाम्रा विश्वास र तौर तरिकाबारे उल्लेख गरेको छ । यसलाई हाम्रो संस्थाको **"नीति"** भनिन्छ, किनभने यसमा लेखिएका कुराहरु बालबालिका वा वयस्क सबैले पालना गर्नुपर्दछ । हामी सबै मिलेर अघि बढ्न र एक-अर्कालाई सुरक्षित राख्न यो नीतिको आवश्यकता छ ।

### एसओएस बालग्राम नेपालको "बाल संरक्षण नीति" ले के भनेको छ ?

- **बालबालिकालाई गरिने कुनै पनि अपमान, बेवास्ता र दुर्व्यवहार हामीलाई सह्य छैन ।**
- **बालबालिकाको संरक्षण हामी सबैको कर्तव्य र सरोकारको विषय हो ।**

***यो नीतिले यी प्रश्नहरुको जवाफ दिएको छ :***

- बालबालिकाप्रतिको अपमान, बेवास्ता र दुर्व्यवहार भन्नाले हामी के बुझ्छौ ?
- कुनैपनि किसिमका अपमान, बेवास्ता र दुर्व्यवहारबाट बालबालिकालाई जोगाउन एसओएस बालग्राम नेपालले के गर्न चाहन्छ ?
- यदि कुनै बालबालिका अपमान, बेवास्ता र दुर्व्यवहारबाट पीडित भइसकेको अवस्था छ भने के गर्न सकिन्छ ?

### एसओएस बालग्रामलाई बाल संरक्षण नीतिको आवश्यकता छ, किनभने :

- कुनै पनि बालबालिकालाई अपमान र दुर्व्यवहार हुन सक्दछ ।
- कुनै पनि बालबालिका उनीहरुको शारीरिक अवस्था (बिरामी, अपाङ्गता आदि), रुप र भाषाका कारणले अपमानित हुने सम्भावना बढी रहन्छ ।
- धेरै बालबालिका उनीहरुले विश्वास गरेकै व्यक्तिबाट अपमान र हेलामा परेको पाइएको छ ।
- दुर्व्यवहार, अपमान र वेवास्ताको पीडा (घाउ) सजिलै देखिदैन, तर यस्तो पीडालाई कम गर्न मद्दत गरिहाल्नु पर्छ जसको कारणले सम्बन्धित बालबालिका फेरि खुशीसाथ हुर्कन र बाँच्न सक्दछन् ।

**बालबालिकामाथि हुन सक्ने अपमान, बेवास्ता र दुर्व्यवहार बारे तपाईलाई थाहा छ ? हाम्रो शब्दमा "बेवास्ता"को अर्थ के हो भन्ने तपाई बुझ्नुहुन्छ ?**

## शारीरिक दुर्व्यवहार (Physical Abuse) :

केही बालबालिका शारीरिक यातना जस्ता नमीठा अनुभवहरु भोग्न बाध्य छन् । उनीहरु पिटिएका अथवा अरु तरिकाले अपमानित भएका छन् । कुनै पनि व्यक्तिले अरुलाई दु:ख दिने अधिकार पाएको छैन । आफूभन्दा साना र कमजोरलाई त दु:ख दिनु हुँदैहुँदैन । आमाबुबा वा जिम्मेवार अभिभावकले आफ्ना बालबालिकालाई कसैबाट पनि दुर्व्यवहार हुन दिनुहुँदैन र यसो गर्न उक्साउनु हुँदैन ।




## यौन दुर्व्यवहार (Sexual Abuse) :

तपाई वयस्क वा बालबालिका जे भए पनि आफ्नो ईच्छा बेगर तपाईलाई कसैले छुन, सुमसुम्याउन वा म्वाईं खान (Kiss) पाउँदैन । कसैले पनि अर्को व्यक्तिलाई छुन लगाउने वा सम्पर्क बढाउन लगाउने अधिकार छैन/हुँदैन । तपाईलाई कसैले छोएको वा हेराइको तरिका मन परेन भने त्यसो नगर्न भन्नुस्, हुन्न भन्नुस् । उत्तेजित तस्विर र नाङ्गो व्यक्तितिर पनि कसैले हेर्न-हेराउन हुँदैन ।



## बेवास्ता (Neglect) :

हुर्किंदै बढ्दै जानु सँधै सजिलो छैन । चौतर्फी विकास राम्ररी हुनका लागि बालबालिकालाई थुप्रै सहयोग चाहिन्छ । उनीहरुलाई सहयोग पुऱ्याउने जिम्मेवारी वयस्क व्यक्तिहरु, विशेष गरी आमाबुबाको हो । छोराछोरीलाई केही नराम्रो हुन नपाओस् , आवश्यक खानपानको सुविधा होस्, विद्यालय जाने प्रबन्ध होस् र सबैले मायालु तरिकाले इज्जतपूर्वक व्यवहार गरुन् भन्नेमा हामी सुनिश्चित हुनुपर्छ । वयस्क व्यक्तिहरुले बालबालिकालाई राम्ररी व्यवहार गरेनन् भने यो अवस्थालाई “बेवास्ता” भनिन्छ ।



## मानसिक दुर्व्यवहार (Mental Abuse) :




कुनै पनि वयस्क व्यक्ति वा अभिभावकले बालबालिकालाई "म अयोग्य छु" वा म "माया गर्न लायक छैन" भन्ने जस्ता हिनताबोध हुने गरी व्यवहार गर्नु हुँदैन । बालबालिकालाई डर, त्रासमा राख्न, उनीहरुको बारे नराम्रो बोल्न र उनीहरुलाई मुर्ख बनाउन पाईंदैन । उमेर र शारीरिक क्षमताले नभ्याउने कुरा पनि बालबालिकालाई गर्न लगाउनु हुँदैन ।

## बालबालिका बीच एक–आपसमा हुन सक्ने दुर्व्यवहार (Child to Child Abuse) :



यातना वा दुर्व्यवहार वयस्क व्यक्ति र बालबालिका बीचमात्र सिमित छ भन्न सकिन्न । कहिलेकाही बालबालिकाले एक–आपसमा दुर्व्यवहार गरेको पाइएको छ । कतिपय बालबालिकामा आफूले अरुप्रति गरेको व्यवहार "नराम्रो" हो भन्ने थाहा नहुन सक्छ । यो अवस्थामा आमाबुबा, शिक्षक वा अन्य कुनै वयस्क व्यक्तिले त्यसो नगर्न सम्झाइदिनु पर्छ ।

## दुर्व्यवहार र बेवास्ताबाट बालबालिकालाई जोगाउन एसओएस बालग्रामले के गर्छ ?

## एसओएस बालग्रामले बालबालिकालाई के भन्न चाहन्छ ?

- तपाईंलाई नराम्रो लागेको कुरालाई "नाईं" वा "हुन्न" भन्ने अधिकार छ ।
- हिंसा र दुर्व्यवहार कसैलाई पनि गर्न पाईंदैन ।
- तपाईंको समस्यालाई हामी राम्ररी सुन्छौ र तपाईंका कुराहरुलाई गम्भिरतापूर्वक लिन्छौ ।

## बालबालिकाका अभिभावक र उनीहरुसँग काम गर्ने व्यक्तिहरुसँग एसओएस बालग्राम के भन्न चाहन्छ ?



- सबै व्यक्तिहरु, विशेष गरी बालबालिका माया चाहन्छन् । सबैसँग राम्रो सम्बन्ध राख्न हामीले यो बुझ्नु महत्वपूर्ण छ । स–साना बालबालिकालाई माया गरी काखमा लिनु वा सुम्सुम्याउनुलाई दुर्व्यवहार भनिंदैन ।
- हिंसा र दुर्व्यवहार बिनाको वातावरणमा बालबालिका हुर्काउन एसओएस बालग्रामले तपाइलाई सहयोग गर्छ ।
- बालबालिकाको हित र उनीहरुको अधिकारको संरक्षण हाम्रो पहिलो काम हो ।

- कसैले बेवास्ता, दुर्व्यवहार वा अपमान गरेको खण्डमा तपाईं एक्लै हुनुहुन्न ।
- कुनै पनि बेवास्ता, दुर्व्यवहार वा यातनाको सानो भन्दा सानो संकेतलाई समेत गम्भिरतापूर्वक लिनुहोस् र पीडित बालबालिकाको साथ दिनुहोस् ।

## बेवास्ता, दुर्व्यवहार वा यातना भएको पाइएमा के गर्ने ? को सँग सहयोग माग्ने ?



- सबै एसओएस बालग्राम, युवालय, हर्मन माइनर विद्यालय र परिवार सुदृढीकरण कार्यक्रम (FSP) मा तपाईंका विश्वासपात्र (Person of Trust) हुन्छन । तपाईंलाई कुनै समस्या पऱ्यो वा चिन्ताले सतायो भने उहाँसँग सजिलै कुरा गर्न सक्नुहुन्छ । तपाईंलाई कसैले दुर्व्यवहार गऱ्यो वा कसैप्रति दुर्व्यवहार भएको तपाईंले थाहा पाउनुभयो भने आफ्नो विश्वासपात्र लाई तुरुन्त भन्नु पर्दछ ।

- विश्वासपात्र तपाईं आफैले रोज्न पाउनुहुन्छ । सबै बालबालिका वा वयस्कले विश्वासपात्र र उहाँलाई सम्पर्क गर्ने तरिका बारे थाहा पाउनु पर्दछ । एसओएस बालग्रामबाट संचालन हुने सबै कार्यक्रमहरुमा विश्वासपात्रहरुको नाम र सम्पर्क गर्ने तरिकाको बारेमा सबैले देख्ने गरी सूचना पाटीमा टाँसिएको हुन्छ । विश्वासपात्रहरुसँग भेट्न वा सम्पर्क गर्न नसकिने अवस्थामा आफ्ना समस्या वा गुनासाहरु लेखेर गोप्य रुपमा सुझाव पेटिका (Suggestion Box) मा पनि खसाल्न सकिन्छ । साथै एसओएस नेपालको इमेल ठेगाना info@sosnepal.org.npमा पनि समस्या वा गुनासाहरु पठाउन सकिन्छ ।
- तपाईंलाई कुनै चिन्ता वा कठिनाइ भएमा विश्वासपात्रले तपाईंसँगै बसी छलफल गरेर समस्याको समाधान निकाल्नु हुनेछ । यसक्रममा अरु कसैसँग कुरा गर्नुपर्ने भएमा उहाँहरुले नै गर्नुहुनेछ ।

- विश्वासपात्रले तपाईं वा पीडित बालबालिकाको पीडा निको पार्न मद्दत गर्नुहुनेछ । बढी नोक्सानी हुनबाट जोगाउन र तपाईंको सुरक्षा सुनिश्चित गर्न उहाँले आवश्यक सबै काम गर्नुहुनेछ ।

बालग्राम या विद्यालयका शिक्षक, परामर्शदाता आदि....को को हुनुहुन्छ? चिन्नुहुन्छ ?

बढी सुरक्षित महसुस गर्न तपाईले आफ्नो यस बाहेक अरु कामहरु पनि भएको देख्न चाहानुहुन्छ ?




**प्यारा भाइबहिनीहरु,**

यसर्थ यिनै महत्वपूर्ण कुराहरु भएकोले नै यो दस्तावेजलाई **"नीति"** भनिएको हो । बालबालिकालाई यातना, दुर्व्यवहार र बेवास्ताबाट जोगाउने उत्तम उपाय नै तपाईंहरु यसबारे जानकार हुनु र तपाईको कुनै पनि साथी समस्यामा पर्न लाग्दा जोगाउने तरिका थाहा पाउनु हो । बाल संरक्षण बारे खुलेर कुराकानी गर्न हामी तपाईलाई प्रोत्साहित गर्छौ । कुनै बेला यसले असजिलो पार्ने जस्तो लागे तापनि यो नीतिले अभिभावक र वयस्क व्यक्तिहरुलाई समेत तपाईंलाई सुरक्षित राख्न र समस्यामा पर्नबाट जोगाउने तरिकाबारे राम्ररी बुझ्न मद्दत गर्नेछ ।

*धन्यबाद ।*